## राष्ट्रिय विकास समस्या समाधान समितिको ४८ औं बैठकका निर्णयहरु

१. रूपान्तरणकारी आयोजनाको रूपमा रहेको राष्ट्रिय परिचयपत्र आगामी तीन वर्ष भित्र सबै नेपाली नागरिकलाई पृथक नम्बर सहित वितरण गरी सक्नु पर्ने स्थिति रहेको र उक्त परिचयपत्रसँग अन्य सरकारी सेवा प्रणाली आबद्ध गरी कार्यान्वयन गर्न सबै निकायको अपनत्व र यस अनुसारको दक्षता बृद्धि आवश्यक रहेकोले राष्ट्रिय परिचयपत्र कार्यक्रमलाई प्रभावकारी बनाउन सरोकारवाला सबै निकायसँग समन्वय गरी गृह मन्त्रालयले यसलाई अभियानको रूपमा सञ्चालन गर्ने ।

२. सालवसाली विनियोजन ऐनका आधारमा कार्यक्रम सञ्चालनका लागि कार्यविधि तर्जुमा गर्ने पद्धतिले हरेक वर्ष कार्यक्रम कार्यान्वयनमा ढिलाई हुने गरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ मा स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित कार्यविधि आवश्यक पर्ने भएमा अर्थ मन्त्रालयको सहमतिमा सम्बन्धित मन्त्रालयले स्वीकृत गरी कार्यान्वयन गर्नसक्ने व्यवस्था थप गर्न अर्थ मन्त्रालयले कारबाही अगाडि बढाउने ।

३. राष्ट्रिय राजमार्गहरूको रेखांकन र सडक सीमा निर्धारण यथाशीघ्र छिटो गर्नुपर्ने, कतिपय योजनाहरूमा सडक सीमाको अन्यौलता भई निर्माण कार्य बारम्बार अबरोध हुने गरेकोले राष्ट्रिय राजमार्गहरूको रेखांकन र सडक सीमा निर्धारणको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जग्गा प्राप्ति ऐन, २०३४ र पटक पटक मन्त्रिपरिषद्‌बाट भएका निर्णयहरूलाई समेत अध्ययन गरी कारवाही प्रक्रिया अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिवको संयोजकत्वमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सडक विभाग र सम्बद्ध आयोजना प्रमुखको कार्यदल बनाई एक महिना भित्र टुङ्गयाउने ।

४. मेलम्ची खानेपानी आयोजनाको पूर्व ईटालीयन ठेकेदार कम्पनी(CMC) ले भुक्तानी नदिएका कारण आयोजना स्थलमा अवरोध भई काम नै रोक्का हुने अवस्था रहेको हुँदा उक्त समस्या समाधानका लागि नेपाल सरकारले ठेकेदार कम्पनीको दायित्व भुक्तानी गर्ने कानुनी प्रावधान नभएका कारण स्थानीय तहबाट नै सहजीकरण हुने गरी समस्या समाधान गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव सहितको समितिले आवश्यक सहजीकरण गरी २ महिना भित्र समस्या समाधान गर्ने ।

५. विभिन्न मन्त्रालय/निकायहरूवाट प्रदान गरिने सिपमूलक तालिमको प्रमाणीकरण गर्ने एकीकृत व्यवस्था नभएको र रोजगारीसंग आवद्ध गर्न नसकिएकोले सिपमूलक तालिमको एकीकृत नीति, पाठ्यक्रम निर्धारण, योग्यता परीक्षण र प्रमाणीकरण व्यवस्थापनको लागि एउटा छाता संस्था आवश्यक देखिएकोले आवश्यक नीति निर्माण गर्न राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने

सदस्यको संयोजकत्वमा शिक्षा विज्ञान तथा प्रविधि, उद्योग, बाणिज्य तथा आपूर्ति, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव सम्मिलित समिति गठन गरी ३ महिना भित्र अध्ययन कार्य सम्पन्न गरी सिप विकास तालिम सम्बन्धी छाता संगठन प्रस्ताव गर्ने ।

६. जटिल एवं आकस्मिक प्रकृतिका आयोजना एवं निर्माण कार्य नेपाल पूर्वाधार विकास कम्पनीद्वारा गर्ने लक्ष्यका साथ कम्पनी स्थापना भएकोमा हालको सार्वजनिक खरिद ऐन र नियमावलीले त्यो तर्फ उचित व्यवस्था नगरेको हुनाले सार्वजनिक खरिद ऐन र नियमावलीमा संशोधन गरिनुपर्ने दफा र नियमहरूको लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सहसचिव संयोजकत्वमा सार्वजनिक खरीद अनुगमन कार्यालय र नेपाल पूर्वाधार विकास कम्पनी सहितको प्रतिनिधि रहेको कार्यदल गठन गरी एक महिनाभित्र टुङ्गो लगाउने ।

७. निजीक्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापन विद्यमान  सुरक्षा जनशक्तिबाटै भईरहदा जनशक्तिको अभाव भएको, साथै खटिने जनशक्तिको प्रोत्साहन, सेवा, सुबिधा उपलब्ध गराउन समस्या भएको र नेपाल सरकारको तर्फबाट पर्याप्त खर्च हुने गरेको हुँदा निजीक्षेत्रबाट सञ्चालित ठूला आयोजनाहरूको सुरक्षा व्यवस्थापन सम्बन्धमा छुट्टै मापदण्ड निर्धारण गरी ३ महिनाभित्रै कार्यान्वयन हुने गरी गृह मन्त्रालयले कारबाही अगाडि बढाउने ।

८. समयानुकुल र गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न कक्षाकोठामा सूचना तथा सञ्चार प्रविधिको व्यवस्थापन गरी वैकल्पिक सिकाई प्रविधिहरू मार्फत सिकाईलाई निरन्तरता दिन सबै सामुदायिक विद्यालयहरूमा विद्युत तथा इन्टरनेट सेवाको पहुँच विस्तार गर्नु अति आवश्यक भएकोले राष्ट्रिय योजना आयोगका शिक्षा क्षेत्र हेर्ने सदस्यको नेतृत्वमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय र  सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव सदस्य रहने एक समिति गठन गरी इन्टरनेट सेवाको विस्तार हुने कार्ययोजना तयार गरी ३ महिना भित्र आयोग मार्फत मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्ने ।

९. अर्थ मन्त्रालय र विकास साझेदार संस्थाबीच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने आयोजनाहरूमा कतिपय विकास साझेदार निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई सिधै सहायता उपलब्ध गराउने, त्यस्ता  सहायता रकम राष्ट्रिय प्राथमिकताका क्षेत्रमा लगानी भए नभएको एवम् कति रकम खर्च भयो भन्ने बारेमा समेत यकिन हुन नसकेको र सो रकम बेरुजु भएको भनी महालेखा परीक्षकको प्रतिवेदनमा समेत उल्लेख गरिएको हुँदा अर्थ मन्त्रालय र विकास साझेदार संस्थाबिच हुने साझेदारी ढाँचा सम्झौता (Partnership Framework Agreement) अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूबाट गैरसरकारी संघसंस्थाले संचालन गर्ने कार्यक्रमहरु भएमा समाज कल्याण परिषद्को स्वीकृति लिएर मात्र सञ्चालन गर्ने र विकास साझेदार निकायले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूलाई उपलब्ध गराएको सहायताको अभिलेख राखी समाज

कल्याण परिषद्ले अनुगमन गर्ने र नेपालको लागि उपलब्ध गराउने सहायता सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

१०. विदेशमा स्थित नेपाली नियोगका लागि घर/जग्गा खरिदमा नेपालको सार्वजनिक खरिद कानूनका साथै नियोग रहेको मुलुकको कानून एवम् प्राविधिक विषय आकर्षित हुने, अधिकांश नियोगहरूलाई दुबै देशका खरीद सम्बन्धी कानूनबीच तादात्म्यता मिलाएर खरिद प्रक्रिया अगाडि बढाउन कठिनाई भइरहेको साथै विदेशस्थित नेपाली नियोगहरूमा काम नलाग्ने, नचल्ने वा जीर्ण भई प्रयोगविहिन अवस्थामा रहेका सवारीसाधन लगायतका सामानहरू नष्ट (Scrapping) गर्नुपर्ने भएको हुँदा नियोगहरूका लागि घर/जग्गा खरिद गर्न कागजात तयारी, मूल्याङ्कन, समन्वय एवम् सहजीकरणका लागि र प्रयोग विहिन अवस्थामा रहेका सामानहरू स्थानीय प्रचलन अनुसार नष्ट (Scrapping) गर्न परराष्ट्र मन्त्रालयको नेतृत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सहरी विकास तथा भवन निर्माण विभाग र सार्वजनिक खरिद तथा अनुगमन कार्यालयका प्रतिनिधि सम्मिलित एक सहजीकरण संयन्त्र गठनगरी एक महिनाभित्र कार्य अगाडि बढाउने ।

११. द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाबारे सम्बन्धित मन्त्रालयहरूले प्रगति प्रतिवेदन गर्ने अनिवार्य संयन्त्रको ब्यवस्था हुन नसक्दा सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्था यकिन गर्न कठीन भएकोले द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय रूपमा सम्पन्न भएका सन्धि सम्झौताहरूको कार्यान्वयनको अवस्थाको सन्दर्भमा त्यस्ता सन्धि सम्झौतासँग सम्बन्धित मन्त्रालयहरूले कार्यान्वयनको प्रगतिको विषय वार्षिक प्रगति प्रतिवेदनमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने व्यवस्था मिलाउने । यस्ता सन्धि संझौताहरु, अभिसन्धी तथा आलेखहरु कानून न्याय तथा संसदीय मामीला मन्त्रालय र परराष्ट्र मन्त्रालयमा संग्रहीत हुने व्यवस्था मिलाउने ।

१२. जिल्लामा रहेका शिक्षा विकास तथा समन्वय इकाइसँग प्राविधिक र लेखा हेर्ने जनशक्ति र स्रोत साधनको कमी रहेको हुँदा बेरुजु फछर्यौटमा प्रगति हुन कठिनाई भएकोले विगतमा विद्यालय भवन निर्माण सम्बन्धी कार्यमा म.ले.प.बाट औंल्याइएका बेरुजुसँग सम्बन्धी कार्य प्रभावकारी बनाउन जिल्ला समन्वय समितिमार्फत सम्पादन हुने गरी आवश्यक प्रबन्ध मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जिल्ला समन्वय समितिसँग आवश्यक समन्वय र सञ्चारको व्यवस्था गरी चालु आर्थिक वर्षभित्र यस्तो बेरुजु फछर्यौट कार्य सम्पन्न गर्ने ।

१३. एकल विन्दु सेवा केन्द्रको निकायगत प्रतिनिधित्वले पूर्णता पाउन नसकेको र एकल विन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने कर्मचारीलाई सम्बन्धित निकायबाट पर्याप्त अधिकार प्रत्यायोजन नभएकोले निर्णयका लागि सम्बन्धित निकायमा पठाउनु पर्ने वाध्यता अन्त्य गर्न एकल विन्दु सेवा केन्द्रमा खटिने कर्मचारीलाई सबै मन्त्रालयले आवश्यक अधिकार प्रत्यायोजन सहित खटाउने ।

१४. भूमिसुधार तथा मालपोत कार्यालयहरूमा लामो समयदेखि कर्मचारीमा विशेषज्ञताको अभावका कारण सेवा प्रवाहमा कठिनाई देखा परेकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट माग भए बमोजिम प्रशासन सेवाका कर्मचारी प्राथमिकताका साथ उपलब्ध गराउने, एउटै प्रकृतिको कार्य सम्पादन गर्ने जिल्लास्तरमा मालपोत र नापी गरी दुईवटा कार्यालयहरू कायम रहेको हुँदा सेवाग्राहीहरूलाई थप कठिनाई हुने भएकोले सेवा प्रवाहलाई सरल, सहज, चुस्त र सेवाग्राहीमैत्री बनाउन भूमि व्यवस्था सम्बन्धी सेवा प्रवाह प्रणाली र सांगठनिक पुनर्संरचना गरी एकीकृत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने साथै दीर्घकालीन समाधानको लागि मन्त्रालयले भूमि व्यवस्था सम्बन्धी सेवा प्रवाह प्रणाली र सांगठनिक पुनर्संरचना सम्बन्धी बिस्तृत अध्ययन गरी ३ महिना भित्र मन्त्रिपरिषदमा प्रस्ताव् पेश गर्ने ।

१५. "डिजिटल नेपाल फ्रेमवर्क२०७६" को प्रभावकारी कार्यान्वयका लागि विभिन्न मन्त्रालयबीच समन्वय गर्न संचार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गत डिजिटल नेपाल कार्यान्वयन इकाइ गठन गरी सो इकाइले फ्रेमवर्कका ८ वटा क्षेत्रसँग सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्यान्वयनलाई अगाडि बढाउने र सम्बन्धित निकायहरुले सक्रिय सहयोग उपलब्ध गराउने ।

१६. संघ, प्रदेश र स्थानीय तहमा हुने विकास कार्यहरूमा, तहगत समन्वय गर्ने संरचनागत व्यवस्था नभएको हुँदा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को प्रभावकारी कार्यान्वयन गर्न र तीन तह बीचको समन्वय सहकार्य प्रबर्द्धन गर्नका लागि उपयुक्त संरचना (खाका) तयार गर्न राष्ट्रिय योजना आयोगले आवश्यक समन्वय गरी अध्ययन कार्य अघि बढाउने र सोको प्रतिवेदन ३ महिना भित्र मन्त्रिपरिषदमा पेश गर्ने ।

१७. नेपाल सरकारको स्वामित्वमा रहेको नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लि. मूलत: मालसामान ढुवानी गर्ने व्यवसायको लागि स्थापित संस्था हुँदा हुँदै सरकारी निकायहरूबाट समेत निजी ढुवानी व्यवसायीहरू मार्फत मालसामान ढुवानी गर्ने गरिएको हुँदा ढुवानीमा सरकारको लागत बढेको अवस्था छ । अत: मालवस्तुको छुट्टै बिमा गर्न नपर्ने भएकोले र हल्दिया/ कलकत्ता बन्दरगाहमा कम्पनीको भौतिक पूर्वाधार समेत रहेकोले ढुवानी लागत कम पर्न जाने हुँदा नेपाल सरकार र नेपाल सरकारको अधिकाँश स्वामित्वमा रहेका संस्थानहरूले आयात/ निर्यात गर्ने सामाग्रीहरू नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लि. मार्फत ढुवानी गर्ने ।

१८. निजामती सेवाको आर्थिक योजना तथा तथ्याङ्क सेवा भित्र रहेका दुईवटा समूह मध्ये आर्थिक योजना समूह संचालन नहुँदा जनशक्ति व्यवस्थापन र संस्थागत संस्मरण प्रभावकारी हुन नसकेको साथै सर्वोच्च अदालतले समेत २०७१/०९/०१ गते यो समूह क्रियाशील बनाउन दिएको आदेश कार्यान्वयन नभएको हुँदा सर्वोच्च अदालतको आदेश तथा नि. से. ऐन २०४९ समेतको आधारमा आर्थिक योजना समूहलाई पूर्ण क्रियाशील बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकारले सम्पादन गर्ने तथ्याङ्कसम्बन्धी कार्यलाई समेत

समन्वयात्मक ढङ्गबाट व्यवस्थापन गर्न एक महिना भित्र सङ्गठनात्मक प्रारुप सहित आवश्यक प्रक्रिया थालनी गर्ने।

१९. नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयन नभएकोले नीति तथा योजना व्यवस्थापनलाई तथ्यपरक बनाई आधारभूत तथ्याङ्कीय सूचक तथा अन्य सूचनाहरूलाई व्यवस्थापन गर्न तयार गरिएको राष्ट्रिय तथ्यगत विवरण (NDP) लाई उपलब्धिमूलक बनाउन राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा सरोकारवाला मन्त्रालय तथा निकायसंग समन्वय गरी आवश्यक प्रक्रिया थालनी गर्ने।

२०. ब्रेन गेन सेन्टर (BGC) मा आवद्ध विज्ञहरूबाट नेपालले के-कसरी सेवा लिन सक्छ भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था हुन सके त्यसबाट राष्ट्र लाभान्वित हुने देखिएकोले के कति सेवा प्राप्त गर्ने भन्ने विषयमा अन्तर मन्त्रालय/निकाय समन्वय, सहजीकरण, संस्थागत तथा प्रक्रियागत व्यवस्था आदिको लागि आवश्यक ऐन-कानूनको संशोधन/तर्जुमा लगायतको विषयमा सिफारिश गर्न राष्ट्रिय योजना आयोगका सदस्यको नेतृत्वमा सम्बद्ध मन्त्रालयका प्रतिनिधिहरू र परराष्ट्र मन्त्रालयको प्रतिनिधि सदस्य सचिव रहेको एक कार्यदल गठन गर्ने, उक्त कार्यदलले २ महिना भित्र राष्ट्रिय योजना आयोगमा प्रतिवेदन पेश गर्ने।

२१. नियमित प्रतिवेदन मार्फत जवाफदेहिताको प्रवर्द्धन गर्न अधिकृत तहका कर्मचारीहरुले आफुले दैनिक सम्पादन गरेको कार्यको प्रतिवेदन सम्बन्धित सुपरिवेक्षक समक्ष र सचिवहरुले सम्पादित कार्यको प्रतिवेदन मूख्यसचिव समक्ष पेश गर्नु पर्ने अनिवार्य व्यवस्था गरी यी प्रतिवेदनहरुलाई सम्बद्ध कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकनको आधार बनाउने साथै प्रचलित सुशासन ऐनमा व्यवस्था रहेको केन्द्रीय अनुगमन तथा मूल्यांकन समितिले विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यमा प्रभावकारी समन्वय गर्ने।

२२. संघ र प्रदेश सरकारका बजेट कार्यक्रममा दोहोरोपना आएको स्थितिले एकातिर स्रोतको अपचलन हुने र अर्कातिर अभाव हुने अवस्था नबनोस् भन्ने तर्फ सजग हुँदै संघीय सरकारका सबै मन्त्रालयहरुले बजेट तथा कार्यक्रम बारे प्रदेश र स्थानीय तहलाई यथा समयमा जानकारी गराउने र प्रदेश तथा स्थानीय तहले बजेट तर्जुमा गर्दा संघीय सरकारको बजेट तथा कार्यक्रम बारे यथासमयमा जानकारी प्राप्त गरी बजेट विनियोजनमा दोहोरोपना नहुने गरी बजेट कार्यक्रम तयार गर्ने व्यवस्था मिलाउने।



